चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,
# चुलाचुली इलाम

चुलाचुली गाउँपालिकाको

## महिला हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन सम्बन्धी निर्देशिका २०७७

**कार्यपालिकाबाट स्वीकृत मिति : –२०७७/०६/२७**

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

**चुलाचुली गाउँपालिका**
इलाम जिल्ला, १ नं. प्रदेश,
नेपाल।

चुलाचुली गाउँपालिकाको

# महिला हक हित संरक्षण, व्यवस्थापन र परिचालन सम्बन्धी निर्देशिका २०७७

**प्रतावनाः**
चुलाचुली गाउँपालिका क्षेत्रका महिलाहरुको हक हित र अधिकारको संरक्षण, सम्बर्द्धन गर्दै महिला सशक्तिकरणको माध्यमबाट लैङ्गीक समानता तथा न्यायिक सुनिश्चित्ता सहित चुलाचुली गाउँपालिकालाई समतामूलक गाउँपालिकाको रुपमा विकास गर्न गराउनका लागि महिला वर्गलाई राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक एवम् शैक्षिकलगायत समग्र क्षेत्रमा पहिचान सहित प्रतिनिधित्व र पहुँच अभिबृद्धि गराउन रविकासको मूलप्रवाहमा समावेश गराउनेकार्यको लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१)को अधिकार प्रयोग गरी रहि पछि प्रदेश सरकारले जारी गर्ने कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वत: वदर हुने गरी यस चुलाचुली गाउँपालिकाको गाउँकार्यपालिकाले यो **"महिला हक हित संरक्षण, व्यवस्थापन र परिचालन सम्बन्धी निर्देशिका २०७७"**जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यस निर्देशिकाको नाम **"महिला हक हित संरक्षण, व्यवस्थापन र परिचालन सम्बन्धी निर्देशिका २०७७"**रहेको छ।

२. यो निर्देशिका कार्यपालिकावाट पारित भईराजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**३. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिका सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "वडा कार्यालय" भन्नाले चुलाचुली गाउँपालिका भित्रका वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(ङ)"वडा अध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक वडाको अध्यक्ष सम्झनु पर्छ।

(च) "वोर्ड" भन्नाले गाउँपालिका अन्तर्गत समग्र महिलाहरुको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जिम्मेवारी प्राप्त **महिला हक हित संरक्षण तथा व्यवस्थापन** र प्रवर्द्धन तथा संरक्षण गर्ने वोर्डलाई सम्झनु पर्दछ।

(छ) "संरक्षक" भन्नाले चुलाचुली गाउँपालिकामा यस निर्देशिकाको दफा ५ बमोजिम गठित वोर्डको प्रमूखलाई सम्झनु पर्छ।

(ज) "समिती" भन्नाले चुलाचुली गाउँपालिकाको **महिला हक हित संरक्षण,व्यवस्थापन** समिती सम्झनु पर्छ।

(झ) "समिती अध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको **महिला हक हित संरक्षण, व्यवस्थापन** सम्बन्धी कार्य सञ्चालन गर्न गठित समितीको अध्यक्षलाई सम्झनु पर्छ।

(ञ) "शाखा"भन्नाले महिला हक हित संरक्षण, व्यवस्थापन सम्बन्धी कार्य गर्न तोकिएको चुलाचुली गाउँपालिका अन्तर्गतको महिला शाखालाई सम्झनु पर्छ।

४. **संरक्षण,सम्बर्धन र प्रवर्द्धन :** (१) महिलाहरुको हक हित संरक्षण,,व्यवस्थापन तथा सो को परिचालन एवं विकासगर्ने दायित्व सहितको जीम्मेवारी चुलाचुली गाउँपालिकाको हुनेछ।

(२) महिला हक हित संरक्षण, व्यवस्थापन तथा सो को परिचालन एवं परिचालन र विकास सम्बन्धी सम्पूर्ण काम र गतिबिधिको अनुगमन र निर्देशन यसै निर्देशिका बमोजिम गठित **महिला हक हित संरक्षण, व्यवस्थापन**र प्रवर्द्धन तथा संरक्षण गर्ने वोर्डले गर्नेछ। सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ।

## परिच्छेद २
## महिला हकहित संरक्षण, प्रवर्द्धन वोर्डको गठन र काम, कर्तव्य र अधिकार :

**५. महिला हकहित संरक्षण तथा प्रवर्द्धन वोर्डः** (१) चुलाचुली गाउँपालिका क्षेत्र भित्रका समग्र महिलाहरुको **हकहित संरक्षण तथा प्रवर्द्धन गर्ने** वोर्डको संरक्षकमा चुलाचुली गाउँपालिकाको उपाध्यक्ष रहने गरी वोर्डमा अन्य देहाय बमोजिमका सदस्यहरु रहने छन।

(क) गाउँपालिकाको उपाध्यक्ष - संरक्षक

(ख) गाउँ कार्यपालिकाले आफुमध्येबाट छनौट गरेको महिला सदस्य मध्येबाट एक जना - सदस्य

(ग) गाउँपालिका क्षेत्र भित्र महिला हक हित संरक्षणका लागि विशेष योगदान पुऱ्याएका महिलाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

(घ) गाउँपालिका क्षेत्र भित्र महिला हक हित संरक्षणका लागि योगदान पुऱ्याएका अपाङ्गता भएका महिला मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ङ) गाउँपालिकाको प्रशासकिय प्रमूख -सदस्य सचिव

(२) मनोनित सदस्यहरुको कार्यकाल २ वर्ष ६ महिना सम्मका लागी हुनेछ ।

(३) वोर्डको बैठक सम्बन्धी कार्यविधि वोर्ड आफैले तय गरे बमोजिम हुनेछ ।

**६. महिला हकहित संरक्षण, प्रवर्द्धन वोर्ड**को **काम, कर्तव्य र अधिकार : (१)** वोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाले चालु आ.व.मा महिलाको लागि विनियोजन गरेको बजेटको सीमा भित्र रही मातहतको **महिला हक हित संरक्षण तथा व्यवस्थापन** सम्बन्धी कार्य सञ्चालन गर्न यस निर्देशिकाको दफा ७ बमोजिम गठित समितिलाई योजना तयार गर्न लगाई सो योजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने,

ख) समितिले वोर्ड समक्ष पेश गरेका अन्य योजनाहरुलाई चुलाचुली गाउँपालिका क्षेत्रका महिलाहरुको हकहित संरक्षण र बिकासका लागि जिल्ला समन्वय समिती, केन्द्र र प्रदेश सरकारमा पेश गर्ने र योजना कार्यन्वयनका लागि पहल गर्ने,

ग) महिला हक हित संरक्षण तथा व्यवस्थापन तथा परिचालन समितिले गरेको काम कार्वाहिको नियमन अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता कार्यक्रमबाट लैङ्गिक र न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारको लागि आवश्यक्ता अनुसार निर्देशन दिने ।

घ) समितिले वोर्डमा पेश गरेको वार्षिक प्रतिवेदनलाई वोर्ड बैठकद्धारा पारित गरी रेकर्ड राखी गाउँकार्यपालिका समक्ष पेश गर्ने ।

ङ) चुलाचुली गाउँपालिका क्षेत्रका महिलाहरुको हकहित संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जीम्मेवारी बहन गर्ने,

च) एक आर्थिक वर्ष भित्रमा ४ पटक सम्म बैठक सञ्चालन गर्ने,

छ) कार्यपीलकाले तोके अनुसारको अन्य काम गर्ने ।

## परिच्छेद ३
## महिला हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन समितिको गठन तथा काम कर्तव्य र अधिकारः

**७.** चुलाचुली गाउँपालिकाका क्षेत्र भित्रका महिलाको हक हित संरक्षण, व्यवस्थापन र परिचालन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँ कार्यपालिकाको महिला सदस्यहरु मध्येबाट कार्यपालिकाले छनौट गरेको एक जना -अध्यक्ष

(ख) चुलाचुली गाउँपालिकाका सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले छनौट गरेका दुई जना महिला -सदस्य

(ग) चुलाचुली गाउँपालिका क्षेत्र भित्र महिला हक हित संरक्षणका लागि विशेष योगदान पुऱ्याएका अपाङ्गता भएका र दलित महिला सहित अन्य क्षेत्र र समुदायका महिलाहरु मध्येबाट **महिला हकहित संरक्षण तथा प्रवर्द्धन वोर्ड**ले मनोनित गरेको पाँच जना -सदस्य

(घ) (क), (ख)), (ग) र (ङ) सहितको समितिले मनोनित गरेको अल्पसंख्यक र सिमान्तकृत महिलाहरु मध्ये दुई जना -सदस्य

(ङ) गाउँपालिकाको महिला शाखा हेर्न तोकिएको शाखा प्रमुख

(कर्मचारी) -सदस्य सचिव

(२) मनोनित सदस्यहरुको कार्यकाल २ वर्ष ६ महिना सम्म हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि महिला हकहित संरक्षण तथा प्रवर्द्धन वोर्डले तय गरे बमोजिम हुनेछ ।

**८. महिलाहरुको हक हित संरक्षण, व्यवस्थापन र परिचालन समितिको पदाधिकारी तथा सदस्य हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :**

(क) गाउँपालिकाको क्षेत्र भित्र बसोबास गरी महिला बर्गको बारेमा पर्याप्त जानकारी प्राप्त गरी सो क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको नेपाली नागरिक, ३

(ख) मानसिक सन्तुलन ठिक भएको,

(ग) फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको,

(ङ) गाउँपालिकालाई तिर्नु पर्ने कुनै कर, राजश्व, सेवा शुल्क बाँकी नरहेको,

(च) सामान्य लेखपढ भएको,

**९. महिलाहरुको हक हित संरक्षण, व्यवस्थापन र परिचालन समितिको काम, कर्तव्य र अधिकार : (१)महिलाहरुको हक हित संरक्षण, व्यवस्थापन र परिचालन समितिको** काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) गाउँपालिकाले चालु आ.व.मा महिलाका लागि विनियोजन गरेको बजेटको सीमा भित्र रही **महिलाहरुको हक हित संरक्षण, व्यवस्थापन र परिचालन** सम्बन्धी योजना बनाई वोर्डबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्ने ,

ख) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा संरक्षण वोर्डलाई सुझाब दिने,

ग) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यक्रम तय गरी संचालन गर्ने ,

घ)महिलाको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच स्थापित गर्न आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी महिलालाई आत्मनिर्भर बनाउने,

ङ) महिलाको हक हितको संरक्षण, प्रवर्द्धन र बिकासका लागि योजना बनाई संरक्षण वोर्ड मार्फत केन्द्र र प्रदेश सरकारका साथै जिल्ला समन्वय समितीसंग समन्वय गर्ने ,

च) गाउँपालिकाको आयोजनामा हुने महिला सम्बन्धी कार्यक्रमहरुको सुचना र प्रचार प्रसार गर्ने ,

छ) चुलाचुली गाउँपालिकाको प्रत्येक वडामा वडा स्तरिय महिला हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन वडा समितिको गठन गर्ने र सो को अभिलेख राख्ने ।

ज) सम्पुर्ण कार्यक्रम र योजना तथा लागतको हिसाब किताब चुस्त दुरुस्त राख्ने ,

झ) महिला हक हित संरक्षण तथा व्यवस्थापनको लागि कोष स्थापना गरी बैंक खाता सञ्चालन गर्न सक्ने,

ञ) महिला हक हित संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यकमहरु सञ्चालन गर्नु पूर्व संरक्षण वोर्डको स्विकृतीमा मात्र कार्यकमहरु सञ्चालन गर्ने ,

(ट) योजना अन्तर्गतका कार्यक्रम सम्पन्न भइसकेपछि सोहि अनुसारको प्रतिवेदन र सम्पन्न हुन बाँकी रहे उक्त योजना वा कार्यक्रमहरुको सम्बन्धमा सोहि अनुसारको प्रतिवेदन तयार पारी चालु आ.व. को अन्त्यमा **वोर्ड**समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ड)महिला माथि हुने सबै प्रकारका हिंसा र विभेद न्यूनीकरण गर्न र मानव बेचविखन लगायतका गैर क्रियाकलापका लागि खबरदारी गर्दै नेतृत्वदायी भूमिका खेल्ने ।

(ढ) महिला हक हित संरक्षण वोर्डको निर्देशन बमोजिम काम गर्ने ,

(ण) महिला हक हित संरक्षण वोर्डले निर्देशन गरेको वा तोकेको अन्य कार्य गर्ने ।

**१०.समितिका सदस्यहरुलाई हटाउन सक्ने :गाउँपालिकाको** महिलाको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएको वोर्डलाई लागेमा वा गाउँपालिका वा समितिको अहित हुने क्रियाकलाप गरेमा वा समितिको सदस्य विना जानकारी क्रमशः ३ वटा बैठकमा अनुपस्थीत रहेमा समितिको वहुमत सदस्यहरुको निर्णयबाट त्यस्तो सदस्यको हकमा वोर्ड समक्ष सिफारिस भई आएमा संरक्षण वोर्डले तत्काल कार्यपालिकामा पेश गरी त्यस्तो सदस्यलाई कार्यपालिकाले समितिबाट हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

**११ समितिका सदस्यहरुको कार्यकाल :**महिलाको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालनसमितिको सदस्यहरुको कार्यकाल २ वर्ष ६ महिना सम्मको हुनेछ । सो पश्चात कार्यपालिकाले पुनः अर्को समिति गठन गर्नेछ ।

**१२.सार्वजनिक गर्नु पर्ने :** महिलाको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालनस मितिले वोर्ड समक्ष पेश भएको प्रतिवेदनलाई वोर्डको बैठकमा सार्वजनिक गर्नु पर्नेछ ।

**१३.वजेट व्यवस्थाः** यस निर्देशिका बमोजिम गरिने कार्य सञ्चालनका लागि आवश्यक रकमकाव्यवस्था गाउँपालिकाको स्वीकृत र विनियोजित वार्षिक वजेटबाट गरिनेछ ।

**१४.वडा स्तरिय महिला हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन समितिको गठन तथा काम कर्तब्य र अधिकार :-**

(१) महिलाहरुको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन वडा समितिको गठन देहाय बमोजिम हुनेछ :

क) वडाको निर्वाचित महिला जनप्रतिनिधि मध्ये वडा समितिले तोकेको एक जना -अध्यक्ष

ख) सम्बन्धीत वडाको क्षेत्रमा महिला हक हित संरक्षणका लागि विशेष योगदान पुऱ्याएका अपाङ्गता भएका वा दलित महिला सहित अन्य क्षेत्र र समुदायका महिलाहरु मध्येबाट **वडा समिति**ले मनोनित गरेको चार जना -सदस्य

(ग) (क), (ख)), र (घ) सहितको समितिले मनोनित गरेको अल्पसंख्यक वा सिमान्तकृत महिलाहरु मध्येबाट एक जना -सदस्य

(घ) वडा सचिव वा निजले तोकेको महिला कर्मचारी -सदस्य सचिव

(२) मनोनित सदस्यहरुको कार्यकाल २ वर्ष ६ महिना सम्म हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि महिला हकहित संरक्षण तथा व्यवस्थापन र परिचालन समितिले तोके बमोजिम हुनेछ ।

(२) महिलाहरुको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन वडा समितिको काम, कर्तब्य र अधिकार:- महिलाहरुका लागि वडाबाट विनियोजीत बजेटको कार्यन्वयन गर्ने गराउने कार्य महिला हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन समितिले तोके बमोजिम हुनेछ ।

**१५.**महिलाको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन वडा समितिका सदस्यहरुलाई हटाउन सक्ने : महिलाहरुको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन वडा समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएको भन्ने समितिलाई लागेमा वा समितिलाई कुनै अहित हुने क्रियाकलाप गरेमा वा समितिको सदस्य विना जानकारी क्रमशः ३ वटा बैठकमा अनुपस्थीत रहेमा वडा समितिको वहुमत सदस्यहरुको निर्णयबाट त्यस्तो सदस्यको हकमा महिलाहरुको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन समिति समक्ष सिफारिस भई आएमा सो समितिले तत्काल बैठक निर्णय गरी त्यस्तो सदस्यलाई हटाउन सक्नेछ । तर हटाउनु अघि त्यस्तो सदस्यलाई सफाईको मौका दिइनेछ ।

१६. महिलाहरुको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन वडा समितिका सदस्यहरुको कार्यकाल २ वर्ष ६ महिनाका लागि हुनेछ र सो पश्चात पुनः दफा....बमोजिमकै प्रक्रिया अनुसार गठन हुनेछ ।

**१७**. महिलाको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालन समितीले यस निर्देशिकाको अधिनमा रहि आफ्नो कार्य संचालनमा आवश्यक कार्य सञ्चालन विधी तयार गरी लागु गर्न सक्नेछ ।

१८. यो निर्देशिका जारी हुनु अघि महिलाहरुको हक हित संरक्षण तथा व्यवस्थापन र परिचालनका लागि गाउँपालिकाद्वारा भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

१९. यस निर्देशिकामा भएका व्यवस्थाहरुमा यसै बमोजिम र अन्य कुराको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२०. यस निर्देशिकालाई आवश्यक्ताका आधारमा कार्यपालिकाले समय समयमा संशोधन वा खारेज गर्न सक्नेछ ।